नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**सिंहदरवार, काठमडौं**

(कर्मचारी समायोजन शाखा)

**पत्र संख्या :** २०७५/०७६ **चलनी नं. :** ६९

मिति २०७५/०९/१५

विषय :- <u>हेल्प डेस्क संचालन सम्बन्धमा</u> ।

श्री गृह मन्त्रालय,
सिंहदरवार ।

प्रस्तुत विषयमा कर्मचारी समायोजन अध्यादेश, २०७५ जारी भई सरकारी र अन्य सेवाका कर्मचारीहरुलाई समायोजनको लागि online आवेदन गर्न यस मन्त्रालयबाट मिति २०७५/९/११ गते सार्वजनिक सूचना अव्हान भैसकेको व्यहोरा अवगत भएकै छ । सहज र सुलभ रुपमा online आवेदन गर्न कर्मचारीहरुलाई आवश्यक सहयोग पुऱ्याउन नेपाल सरकारका सबै मन्त्रालयहरु/आयोगहरु/निकायहरु र अन्गर्गतका सबै कार्यालयहरुमा निम्न अनुसारका उल्लेखित कर्य गर्न हेल्प डेस्क (help desk) को स्थापना गरी संचालनमा ल्याउन सम्बन्धित सबै सरकारी निकायमा अनुरोध गर्ने गरी यस मन्त्रालयको (मा.मन्त्रीस्तर) मिति २०७५/९/१ मा निर्णय भएकोले ताहाँ मन्त्रालयबाट सबै जिल्ला प्रशासन कार्यालयहरुमा हेल्प डेस्क स्थापना र संचालनको लागि आवश्यक निर्देशन तथा समन्वय गरिदिनु हुन अनुरोध छ ।

<u>हेल्प डेस्क सञ्चालन कार्यदिश (TOR)</u>

- कर्मचारी समायोजन सम्बन्धी सूचनामा तोकिएको मितिदेखि हेल्प डेस्कविहान ८:०० बजे देखि साँझ ६:०० बजेसम्म सञ्चालन हुनुपर्नेछ ।
- कर्मचारी समायोजनका सन्दर्भमा अनलाइन फाराम भर्ने काममा सहयोग पुर्याउनु पर्नेछ ।
- कर्मचारीहरुलाई समायोजनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कर्मचारी समायोजन तथा संगठन विकास महाशाखासँग समन्वय गरी आवश्यक सूचनाहरु, प्रचार सामाग्रीहरुहेल्प डेस्कबाट संभव भएसम्म उपलव्ध गराउनु पर्नेछ ।
- हेल्प डेस्क सञ्चालन गर्ने कार्यका लागि आवश्यक स्रोत साधन(विद्युत, इन्टरनेट, कम्प्यूटर र प्रिन्टर) तथा दक्ष जनशक्तिको व्यवस्थापन सम्वन्धित कार्यालय आफैले गर्नु पर्नेछ ।
- अनलाइन फाराम भर्न नसक्ने कर्मचारीहरुको लागी उनीहरुको अनुरोधमा सो गरिदिने व्यवस्था गर्नु गराउनु पर्नेछ ।
- फाराम भर्ने कार्यमा सहयोगका लागि आउने कर्मचारीको लगत राख्नु पर्नेछ । यसरी लगत राख्दा नाम, पद, कार्यरत कार्यालय ठेगाना, टेलिफोन नम्वर तथा हस्ताक्षर लगायतका सूचना अनिवार्य रुपमा भर्न लगाउनु पर्नेछ ।
- हेल्प डेस्कमा संलग्न कर्मचारीहरुका लागि कार्यालय समय बाहेक गरेको कामका लागि नियमानुसार आवश्यक सुविधाको व्यवस्था सम्वन्धित कार्यालयले नै गर्नु पर्नेछ ।

पत्र संख्या : २०७५/०७६ चलनी नं. : ६९

- हेल्प डेस्कको संयोजकको नाम, पद र सम्पर्क नम्वर मन्त्रालयलाई यथाशीघ्र उपलव्ध गराउनु पर्नेछ ।
- समायोजन कार्यमा हेल्प डेस्कले सकारात्मक उत्प्रेरणा श्रृजना गर्नुपर्नेछ ।
- हेल्प डेस्क सञ्चालन गर्ने निकायका प्रशासकीय प्रमुखले हेल्प डेस्क र समायोजन कार्यको रेखदेख, अनुगमन गर्नु पर्नेछ ।

वोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार ।
श्री जिल्ला प्रशासन कार्यालयहरु, सबै ।
श्री सूचना तथा प्रविधा शाखा : यसै बमोजिमको पत्र र ढाँचा website मा upload गरिदिनु हुन ।

(माधव प्रसाद अधिकारी)
शाखा अधिकृत